# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, धनौजी गाउँपालिकामा आर्थिक वर्ष २०७७/०७८ मा बजार नाला तथा फोहरमैला व्यवस्थापन शीर्षकबाट बिना कुनै निर्णय बजार सेड निर्माण कार्यमा गोप्य रुपमा एउटै निर्माण व्यवसायीबाट तीन वटा निर्माण व्यवसायीको नामले टेन्डर भर्न लगाई कमिसन लिई बिना प्रतिस्पर्धा रु.१ को मात्रै फरक पारी एकता सप्लार्यससँग मिलेमतोमा सम्झौता गरी गुणस्तरहीन बजार सेड निर्माण गरी काम भन्दा बढी नापी किताब तयार गरी भुक्तानी दिई बजेट रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा धनौजी गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ र आ.व. २०७८/७९ मा संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदानतर्फ बजार नाला तथा फोहोरमैला व्यवस्थापन शीर्षकमा क्रमश: रु.५०,००,०००।– र रु.४२,००,०००।- विनियोजन भएकोमा सो योजना कार्यान्वयन गर्ने क्रममा गाउँपालिकाबाट आ.व.२०७७/७८ मा Construction of steel truss structure for the shadow at Dhanauji Bazaar भन्ने योजना (ठेक्का नं. GNDR-077/078-02) को नाउँबाट मिति २०७७/१२/२२ मा प्रथम पटक बोलपत्र आह्वानको सूचना प्रकाशन गरेकोमा मिति २०७८/०१/१३ गतेको कार्यपालिका बैठकले उक्त शीर्षकलाई संशोधन गरी बजार सेड सटर RCC Building Constructions बनाएको, उक्त संशोधनको निर्णय गर्ने अधिकार गाउँपालिकालाई नरहेकोमा योजना संशोधन गरी गराई विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ विपरीतको कार्य गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३ मा व्यवस्था भए अनुरूप Procedural Chain of custody Maintain हुने कागजातहरु तयार तथा स्वीकृत नगरे नगराएको, तीन वटा कम्पनीले पेश गरेको दररेटमा एउटा आइटम (cement sand/flushing plaster) बाहेक सबै आइटमहरुको दररेट एउटै पेश भएको, उक्त कम्पनीहरुले आपसमा मिलेमतो गरी बदनियतपूर्वक टेन्डर फारमको Detail Estimate and Cost/(BOQ) आइटम cement sand/flushing plaster मा एक/एक रुपैयाँको फरकमा दररेट पेश गरे गराएको, योजना अनुगमन समितिका पदाधिकारी तथा कर्मचारी, भुक्तानी कार्यमा संलग्न कर्मचारी र निर्माण व्यवसायी समेतको मिलेमतोमा फिल्डमा हुँदै नभएको टाई बिमको कार्य भए गरेको भनी नापी किताब तयार गरी गराई उक्त आइटमको भुक्तानी गरे गराएकोमा स्थलगत नापजाँच गर्दा टाई बिम राखेको नदेखिएको, प्रथम र दोस्रो रनिङ बिलमा एउटै आइटमको परिमाणमा दोहोरोपना हुने गरी निर्माण व्यवसायीलाई भुक्तानी दिएको, उक्त ठेक्काको म्याद मिति २०७८।१२।२५ सम्म भएको र त्यसपछि म्याद थप नभएको अवस्थामा समेत मिति २०७९/०३/२३ देखि मिति २०७९/०६/१५ गते सम्म भनी नभए नगरेका कुरा भए गरेको देखाई झुट्टा कागजात सिर्जना गरे गराएको, सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी नगराई योजना अधुरो र अलपत्र अवस्थामा रहेकोमा, पालिकाबाट सो योजना सम्पन्न गर्न कुनै प्रयास गरेको नदेखिएको र निर्माण भएको बजार सेड सटर RCC Building Constructions प्रयोग प्रचलनमा आएको तथा आउन सक्ने अवस्था नदेखिएको Flow Chart यस प्रकार रहेको छ।

उक्त निर्माण कार्यमा भुक्तानी भएको **रु.३१,३४,७७८।—**रकम बराबरको सरकारी सम्पत्ति हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरेको पुष्टि भएको हुँदा उक्त भ्रष्टाचारजन्य कसूरमा संलग्न देहायबमोजिमका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका तत्कालीन **अध्यक्ष बद्री नारायण सिंह** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै, निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसूर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसूर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | धनौजी गाउँ पालिका, गाउँकार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका **उपाध्यक्ष रामबति देवी मंडल** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादी रामबती देवी मंडललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका तत्कालीन प्रमुख प्रशासकीय **अधिकृत गौरी शंकर मण्डल** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सावन कुमार चौधरी** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं गलत लिखत तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन साथै गलत प्रतिवेदन दिए दिन लगाएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) |

| | | | |
|---|---|---|---|
| | | | बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका सब-इन्जिनियर **छोटे मण्डल** | रु.३१,३४,७७८।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं गलत लिखत तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन साथै गलत प्रतिवेदन दिए दिन लगाएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका तत्कालीन योजना शाखा प्रमुख ना.सु. **नरेश कुमार मण्डल** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै गलत प्रतिवेदन तयार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका लेखापाल **राधेश्याम राय** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं गलत लिखत तयार गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | धनौजी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धनौजी, धनुषाका तत्कालीन सह-लेखापाल **बिनोद कुमार मण्डल** | रु.३१,३४,७७८।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ९. | एकता सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | रु.३१,३४,७७८।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही |

| | | | |
|---|---|---|---|
| | धनौजी-१, धनुषा तथा उक्त कम्पनीका सञ्चालक **ईन्द्रेश कुमार सिंह** | | ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल